# वार्षिक आर्थिक प्रतिवेदन-२०७०

आ.व. २०७० /७१ सालको सामाजिक परीक्षण कार्यक्रम तथा

सम्पूर्ण सरोकारवाला निकाय तथा व्यक्तिहरू समक्ष

प्रस्तुत गर्न तयार पारिएको सानोदुम्मा

मा.वि. को वार्षिक आर्थिक

प्रतिवेदन

२०७०

<u>प्रस्तुतकर्ता</u>

प्रधानाध्यापक

मिति:२०७१/०५/३१

सानोदुम्मा माध्यमिक विद्यालय
सानोदुम्मा-३, थर्पु, भोजपुर

श्री जिल्ला शिक्षा कार्यालय,

भोजपुर

२०७१

*यस सानोदुम्मा माध्यमिक विद्यालयको सामाजिक परीक्षण कार्यक्रम-२०७१ मा उपस्थित पर्यवेक्षक, अतिथिगण, वि.व्य.स. तथा अ.शि.संघ कार्य समितिका पदाधिकारीहरु, अभिभावकहरु, शिक्षक मित्रहरु र विद्यार्थी भाइबहिनीहरु !*

*सर्वप्रथम यहाँहरु सबैमा हार्दिक अभिवादन: नमस्कार, सेवा, फ्ुयाफुल्ला ।*

सभाध्यक्ष महोदय, म आफूले तयार गरेको आ.व. २०७०/७१ को ***वार्षिक आय-व्यय प्रतिवेदन-२०७०*** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

***विषय प्रवेश:***

नेपालका विद्यालयहरुमा शैक्षिक वर्षको शुरुवात बैशाख महिनाबाटै हुने भए तापनि आर्थिक वर्ष चाहिं अन्य सरकारी निकायहरु जस्तै श्रावण महिना देखि मात्र शुरु हुने गर्दछ । विद्यालयहरुले पनि अघिल्लो आर्थिक वर्ष भरीको आय-व्यय सम्पूर्ण सरोकारवालाहरु समक्ष भाद्र महिना भित्रमा सार्वजानिक गर्नु गराउनु पर्ने प्रावधान शिक्षा नियमावली २०५९ को नियम १७१ (क) मा व्यवस्था भए बमोजिम यस सानोदुम्मा माध्यमिक विद्यालयको आर्थिक वर्ष २०६९-७० को आर्थिक प्रतिवेदन तयार गरी यस सामाजिक परीक्षण कार्यक्रममा प्रस्तुत गरिएको छ । यस विद्यालयमा लिखित रुपमा आय-व्यय प्रस्तुत गरी सार्वजानिक गरिएको यो दोश्रो पटक हो । यो आय-व्यय प्रतिवेदन सरोकारवाला निकायहरुमा बुझाइनेछ । साथै विद्यालयको वेबसाइटमा समेत सार्वजनिक गरिनेछ । यस आय-व्यय प्रतिवेदन तथा तालिका संभव भए सम्म सबै सरोकारवालाहरुलाई वितरण गर्ने प्रवन्ध गरिएको छ ।

विद्यालय समुदायको शैक्षिक विकासमा टेवा पुर्‍याउने साझा संस्था हो । समुदायका बालबालिकालाई युग सुहाउदो शिक्षाको अवसर पुर्‍याउने कार्यमा विद्यालयको महत्वपूर्ण भूमिका रहन्छ । विद्यालय एउटा यस्तो सार्वजानिक एवम् सामाजिक संस्था हो । जसले समुदायको आवश्यकता अनुसारको हरेक तहको जनशक्ति उत्पादनको आधारशिला तयार गरी सहयोग पुर्‍याउदछ । विद्यालय समुदायमा, समुदायद्वारा, समुदायकै निम्ति नै स्थापित संस्था हो । राज्यको शैक्षिक योजनाहरु कार्यन्वयनमा सबभन्दा तल्लो स्तरमा प्रत्यक्ष रुपमा समुदायसँग सम्बन्ध राख्ने निकायको रुपमा पनि विद्यालयलाई लिन सकिन्छ । वास्तवमा विद्यालयमा समुदायको लगानी हुन्छ । त्यसैगरी विद्यालयले समुदायको शैक्षिक आवश्यकता पूरा गर्ने कार्य गर्दछ । विद्यालयको शैक्षिक तथा भौतिक विकासको निम्ति विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक कार्यकारी समिति तथा विद्यालय प्रशासकको रुपमा रहने प्रधानाध्यापक तथा सम्पूर्ण सरोकारवालाहरुको भूमिका उतिकै महत्वपूर्ण हुने गर्दछ । विद्यालय एउटा सरकारी संस्था भएको हेतुले सरकारी नियम, परिधि मापदण्डमा रहेर सञ्चालन गर्नुपर्ने हुन्छ । विद्यालयमा कार्यरत रहने शिक्षक कर्मचारीहरुका लागि तलब भत्ता तथा दैनिक प्रशासन तथा व्यवस्थापन गर्नको निम्ति आर्थिक आवश्यक पर्दछ । जसकको निम्ति सरकारले सामुदायिक विद्यालयहरुलाई आर्थिक अनुदान सहायता प्रदान गर्ने गर्दछ । सरकारी अनुदान रकम नै सामुदायिक विद्यालयको मूख्य आम्दानी हो । सार्वजानिक विद्यालयहरुमा विशेष गरी तीन किसिमका आम्दानीका स्रोतहरु हुन्छन् ।

***क) सरकारी अम्दानी:*** सरकारी आम्दानी भन्नाले सरकारले विद्यालयको नाममा प्रदान गर्ने अनुदान रकमहरु पर्दछन् । सरकारी आम्दानी विशेष गरी दुई किसिमको हुने गर्दछ ।

***अ) नियमित आम्दानी:***

विद्यालयमा प्राप्त हुने नियमित आम्दानीका रुपमा अनिवार्य रुपमा निरन्तर निकासा हुने अनुदान रकमहरु पर्दछन् । जस अन्तर्गत शिक्षक कर्मचारीहरुका निम्ति तलब भत्ता, स्थायी शिक्षकहरुका निम्ति पोशाक भत्ता, विद्यार्थीहरुका निम्ति छात्रवृत्ति, नि: शुल्क पाठ्यपुस्तक वितरणका लागि आवश्याक पर्ने रकम, विद्यालय सञ्चालनका निम्ति मसलन्द खर्च तथा विधार्थीहरुको

शैक्षिक विकासको निम्ति शैक्षिक सुधार अनुदान रकम प्राप्त हुने रकमहरु पर्दछन् । विद्यालयमा निश्चित समयमा यस्ता शीर्षकहरुमा निर्धारित मापदण्ड अनुसार आवश्यक रकमहरु जिल्ला शिक्षा कार्यालयबाट निकासा हुने गर्दछन् ।

***आ) अनियमित आम्दानी***

अनियमित आम्दानी भन्नाले विद्यालयमा समय-समयमा विशेष योजना सम्पन्न गर्ने उद्देश्यले प्राप्त हुने अनुदान रकमहरु पर्दछन् । भौतिक पूर्वाधार तथा अन्य विविध शीर्षकमा प्राप्त हुने रकमहरु यस अन्तर्गत पर्दछन् । विद्यालयमा भवन निर्माण, शौचलाय निर्माण, मर्मत संभार, पुस्तकालय स्थापना, सुचना तथा संचार प्रविधि योजना आदि योजनामा प्राप्त अनुदानहरु यस अन्तर्गत पर्दछन् । कुनै आ.व.मा साक्षरता अभियान जस्ता शैक्षिक कार्यक्रमहरुको सञ्चालन गर्ने रकमहरु समेत विद्यालयमा प्राप्त हुन सक्दछ । यस्ता अनुदान रकमहरु योजना परेको आ.व.मा मात्र प्राप्त हुने गर्दछ । यस किसिमका अनुदान जि.शि.का. बाहेक अन्य सरकारी निकायहरुबाट समेत प्राप्त हुन सक्दछ ।

***ख) आन्तरिक आम्दानी:*** आन्तरिक आम्दानी भन्नाले विद्यालयले आफ्नै स्रोतबाट प्राप्त हुने आम्दानीहरुलाई बुझाउदछन् । यस्तो किसिमको आम्दानीहरु विद्यालयले लिने विविध शुल्कहरु नै प्रमुख हुन् । विद्यालयको जग्गा वा विद्यालयकै प्रयास वा स्रोतबाट प्राप्त हुने सबै आम्दानीहरु आन्तरिक आम्दानी अन्तर्गत पर्दछन् । आन्तरिक आम्दानी अस्थिर किसिमको आम्दानी हो ।

***ग) अन्य आम्दानी:*** सरकारी आम्दानी र आन्तरिक आम्दानी वाहेक पनि विद्यालयमा विविध स्रोतबाट आम्दानी हुन सक्दछ । जस्तैः विविन्न गैह्रसरकारी संघ संस्थाहरुबाट प्राप्त हुने अनुदान सहयोग, चन्दा, दान आदि यस किसिमका आन्दानीहरु हुन् ।

***१. आम्दानीको मुख्य स्रोत सरकारी अनुदान:***

हाम्रो विद्यालयमा सरकारी आम्दानी नै सबैभन्दा ठूलो आम्दानीको स्रोत हो । यस बाहेक आन्तरिक तथा अन्य विविध आम्दानीहरु पनि आ.व. २०७०/७१ मा प्राप्त भएका छन् । शिक्षक-कर्मचरी तलब भत्तामा सबैभन्दा बढि अनुदान प्राप्त भएको छ । त्यसैगरी छात्रवृत्ति, पाठ्पुस्तक र शैक्षिक सुधारका अभिवृद्धि र मसलन्द शीर्षकमा रकम प्राप्त भएका छन् । जि.शि.का.,भोजपुरबाट पुस्तकालय स्थापना र सुचना तथा सञ्चार प्रविधि सेवा विस्तार र मर्मत संभार शीर्षकमा पनि अनुदान रकम प्राप्त भएका छन् । त्यसैगरी गा.वि.स. सानोदुम्माबाट विद्यालयको कार्यालय व्यवस्थापनका निम्ति फर्निचर निर्माण तथा सौर्य उर्जा प्रणाली जडान शीर्षकमा अनुदान प्राप्त भएका छन् । आ.व. २०७०/७१ मा सानोदुम्मा मा.वि. लाई विद्यालयको वृद्धि विकासका निम्ति चन्दा सहायता पनि प्राप्त भएको छ । शैक्षिक क्यालेण्डर-२०७१ मा शुभकामना तथा विज्ञापन प्रकाशन तथा क्यालेण्डर बिक्रिबाट पनि आम्दानी भएको छ । विद्यालयको मताहतमा रहेको जग्गाबाट पनि आम्दानी प्राप्त भएको छ । आन्तरिक आम्दानीको रुपमा विविध शुल्कहरु मार्फत आम्दानी भएको छ । विद्यालयबाट प्रदान गरिएको कम्प्युटर प्रीन्ट, फोटोकपी, फोटो प्रीन्ट आदि सेवा शुल्क वापत पनि आम्दानी प्राप्त भएको छ ।

***२. आम्दानीको सदुपयोग***

सरकारी आम्दानीको ठूलो हिस्सा शिक्षक-कर्मचरीहरुको तलब भत्तामा खर्च हुने गर्दछ । साथै अन्य विविध शीर्षकका आम्दानीहरु पनि सम्बधित शीर्षकमै खर्च गर्नु पर्ने हुन्छ । विद्यालयमा प्राप्त हुने आम्दानी रकम विद्यालयले संकलन गरी जम्मा गरी राख्ने भन्दा पनि प्राप्त हुने रकमहरु सम्बन्धित शीर्षकमै खर्च भइ जाने प्रकृतिको हुन्छ । जस्तै : छात्रवृत्तिको रकम छात्रवृत्तिम खर्च हुन्छ । पाठ्यपुस्तकको रकम पाठ्यपुस्तकमै खर्च हुन्छ । त्यसैगरी सुचना प्रविधि तथा पुस्तकालय अनुदान र चन्दा सहायताबाट विद्यालयमा पुस्तकालय स्थापना गरिएको छ । गाउँ विकास समितिबाट प्राप्त रकमहरुबाट पनि प्रस्तावना

पत्रमा उल्लेख गरिए बमोजिमकै कामहरुमा खर्च गरिएको छ । जि.शि.का., भोजपुरबाट प्राप्त भएका अनुदान तथा अन्य सरकारी निकायबाट प्राप्त अनुदान र व्यक्तिहरुबाट प्राप्त चन्दा सहयतालई पनि उद्देश्य अनुरुप नै सम्बन्धित शीर्षकहरुमा खर्च गरिएको छ ।

विगतका दिनहरुमा भन्दा विद्यालयको कार्यालय व्यवस्थापनमा आमूल परिवर्तन ल्याइएको छ । साथै काम चलाउ भन्दा पनि गुणस्तरमा ध्यान दिइएकाले दैनिक कार्य सञ्चालन पनि खर्चिलो हुन गएको छ । विद्यालयले शैक्षिक क्यालेण्डर-२०७१ प्रकाशन गरेको छ । साथै विद्यालयको वेबसाइट सञ्चालन गरिएकाले विद्यालयलाई थप आर्थिक भार परेको छ ।

सार्वजानिक-सामुदायिक विद्यालय भनेको गैरनाफामूलक संस्था भएकाले कुनै विषेश परिस्थिति वा उद्देश्य का लागि बाहेक प्राप्त आन्दानीलाई सदुपयोग हुनेगरी खर्च गर्नै पर्दछ । विद्यालयहरुमा अनुदान रकमलाई बचत गरी राख्ने धेय हुदैन । विशेष गरी सरकारी आम्दानी निश्चित समयमा निर्धारित शीर्षकमा आवश्यक्तानुसार नै निकासा पनि हुने गर्दछन् । जि.शि.का., भोजपुरबाट प्राप्त भएका अनुदान तथा अन्य सरकारी निकायबाट प्राप्त अनुदान र व्यक्तिहरुबाट प्राप्त चन्दा सहयतालई पनि उद्देश्यअनुरुप नै सम्बन्धित शीर्षकहरुमा खर्च गरिएको छ ।

### ३. आय-व्ययमा अन्तर हुनुको कारण

सानोदुम्मा मा.वि.को आय-व्यय हिसाबमा आय भन्दा व्यय धेरै बढि देखिन्छ । जसको कारण प्र.अ. सापटीको रुपमा ठूलो रकम लगानी भएको देखिन्छ । यस्तो हुनुको कारण विगत देखिकै प्रवृत्ति हो । तर विगतमा आय-व्यय हिसावहरु लिखित रुपमा प्रस्तुत नगरिने तथा प्रष्ट रुपमा आय-व्यय सार्वजानिक गर्ने परिपाटी नभएको सन्दर्भमा विद्यालयको आर्थिक अवस्था कस्तो रुपमा रहेको छ, भन्ने कुरा विद्यालय प्रशासक बाहेक प्राय अरुलाई थाहा नहुने अवस्था थियो । खासमा बिगत देखि नै पी.सी.एफ. शिक्षक तथा कर्मचारीको तेश्रो चौमासिक त.भ.का लागि रकम अभाव हुने गरेको रहेछ । तर विगत वर्षहरुमा उक्त शीर्षकहरुमा चालु आ.व.को अन्त्यमा अर्को आगमि आ.व.को लागि एक वर्षका लागि एकमुष्ट रकम निकासा हुने गरेकाले सो रकमबाट परिपूर्ति गरिँदै आएको पाइयो । यस वर्ष कर्मचारी तथा पी.सी.एफ. स्यालरी आ.व.को अन्त्यमा अर्थात तेश्रो चौमासिक त.भ. निकासा हुँदा अर्को आ.व. का निम्ति अग्रिम एक मुष्ट रकम निकासा नभएकाले प्र. अ. सापटी गरी परिपूर्ति गरिँदा यस्तो अवस्था देखिएको हो । अर्को पक्ष विद्यालयको व्यवस्थापनमा अधिक खर्च हुनु हो । किनकी विगतमा साधारण फायल सम्म अभाव रहेको  कार्यालयमा हाल हरेक दृष्टिकोणले स्तरीयता कायम गरिँदै लगिएको छ । एकै पटक व्यवस्थापनमा आमूल रुपान्तरण गर्दा अधिक खर्च हुनु स्वभाविक हो । शैक्षिक सामग्रीमा लगानी गरिएको छ । औपचारिक कार्यक्रमहरु सम्पन्न भइरहेका छन् । यसका साथै विद्यालयमा थुपै अतिरिक्त कार्यहरु पनि सम्पादन गर्ने परिपाटी बढेकाले खर्च बढन गएको छ ।

### ४. आय-व्यय व्यवस्थापनमा सानोदुम्मा मा.वि.को प्रयास

सानोदुम्मा मा.वि.को आय-व्यय व्यवस्थापनमा आ.व. २०६९/७० देखि आमूल सुधार गर्ने प्रयत्न गरिएको छ । नेपालको सरकारी स्रेस्ता प्रणाली अनुरुप मासिक आम्दानी-खर्चको खाता, बैंक नगदी किताव खाताको व्यवस्था गरिएको छ । आम्दानी र खर्चका हिसाव किताव व्यवस्थित गर्न गोश्वरा भौचर प्रयोगमा ल्याइएको छ । विगतमा यी प्रणालीहरु अवलम्बन नगरिएको पाइए तापनि गत आ.व. २०६९/७० देखि सम्पूर्ण आय-व्ययका बील-भरपाई तथा भौचरहरु समेत सुरक्षित राख्ने गरिएको छ । विद्यालयका कारोवारहरु पारदशी होस भन्ने हेतुले आम्दानी रसिदको व्यवस्था गरिएको छ । साथै विविध शीर्षकहरुको आम्दानी खाताको व्यवस्था गरिएको छ । आय-व्ययका विवरणहरु विद्यालय प्रशासनको पहुँचमा मात्र सीमित नभइ सम्पूर्ण सरोकारवालाहरु समक्ष पेश गर्ने व्यवस्था गरिएको छ । सानोदुम्मा मा.वि. लगायत यस क्षेत्रका सामुदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिता कायम गरी विद्यालयहरुलाई आगडि बढाउने हाम्रो अभिष्ट हो । पारदर्शितामा अभिवृद्धि गर्ने हेतुले सानोदुम्मा मा.वि. ले सम्पूर्ण सानोदुम्मा गा.वि.स. भरीका विद्यालयहरुलाई समेत सामाजिक परीक्षण कार्यक्रममा आमन्त्रण

गर्ने गरिएको छ । सामाजिक परीक्षण कार्यक्रममा सकेसम्म सम्पूर्ण सरकारी तथा स्थानीय संघ-संस्था, सरोकारवालाहरुलाई आमन्त्रण गर्ने गरिएको छ ।

### ९. *अन्त्यमा*

यस प्रतिवेदनमा मूलतः गत वर्षको आय-व्यय हिसाबहरुको विवरण समेटिएका छन् । यसमा गत वर्षको अ.ल्या. लाई पनि सरकारी आम्दानीको रुपमा समावेश गरिएको छ । विभिन्न शीर्षकका अनुदान रकमहरु तथा आन्तरिक आन्दानीका समेत सबै शीर्षकहरु समेटिएका छन् । त्यसैगरी प्राप्त आम्दानीबाट गरिएको खर्च विवरणहरु पनि समेटिएका छन् । आम्दानी र खर्चको हिसाब गरी बैंक मौज्दात समेत देखाईएको छ । बैंक स्टेटमेण्ट अनुसार तथा गोश्वरा भौचरको आधारमा तयार परिएको आय-व्यय तालिकालाई पनि समावेश गरिएको छ ।

आम्दानी भन्दा बढि खर्च गरिएकाले प्र.अ.सापटी समेत देखाइएको छ । सरकारी लेखाको सिद्धान्तले यस किसिमको आर्थिक कारोबारलाई जस्तोसुकै दृष्टिकोणले विश्लेषण गरे तापनि विद्यालयलाई विगतको स्तर वा स्थितबाट माथिल्लो स्तरमा रुपान्तरण गर्नको लागि यस किसिमको प्रयास सानोदुम्मा मा.वि.मा अवलम्बन गरिएको छ ।

**_समाप्त_**

# सानोदुम्मा माध्यमिक विद्यालय, सानोदुम्मा-३, थर्पु, भोजपुर

बैंक स्टेटमेण्टको आधारमा आर्थिक वर्ष २०७०/७१ सालको वार्षिक आय-व्यय विवरण तालिका:

**व्यय**

| क.सं. | व्यय विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रथम चौमासिक | १०,३०,७३३.५० | |
| २ | दोश्रो चौमासिक | ८,०६,८८२.०० | |
| ३ | तेश्रो चौमासिक | १२,८०,५८५.०० | |
| ४ | बैक मौज्दात | १,२६,८२३.११ | २०७१ श्रावण ०१ |
| **कुल जम्मा व्यय** | | **३२,४५,०२३.६१** | |

**आय**

| क.सं. | आय विवरण | आय रकम | कैफियत |
|---|---|---|---|
| १ | अ.ल्या | २,४९,३९०.११ | २०७० श्रावण ०१ |
| २ | प्रथम चौमासिक | ११,०८,४४०.५० | |
| ३ | दोश्रो चौमासिक | ८,३१,९३०.०० | |
| ४ | तेश्रो चौमासिक | ८,२०,५९४.०० | |
| | | २,३४,६६९.०० | गा.वि.स. अनुदान |
| **कुल जम्मा आय** | | **३२,४५,०२३.६१** | |

# सानोदुम्मा माध्यमिक विद्यालय, सानोदुम्मा-३,थर्पु, भोजपुर

आर्थिक वर्ष २०७०/७१ सालको वार्षिक सरकारी तथा आन्तरिक आय-व्यय झलक:

**व्यय**

| | क. सं. | व्यय विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| प्र.चौ. | १ | त.भ, शैक्षिक सामग्री आदि | १०,१६३९७.५० | |
| द्वि. चौ. | २ | त.भ., अतिरिक्त कक्षा आदि | ८,७२,१२०.०० | |
| ते.चौ. | ३ | त.भ., छात्रवृत्ति, पा.पु आदि | १५,६८,३१६.०० | पुस्तकालय, कम्प्युटर, फर्निचार योजना सहित |
| | ४ | बैंक मौज्दात | १,२६,८२३.११ | २०७१ श्रावण ०१ |
| | ५ | बैंक मौज्दात (मुद्धति) | १,००,०००.०० | २०७१ श्रावण ०१ |
| ***कुल जम्मा*** | | | **३६,८३,६५६.६१** | |

**आय**

| | क. सं. | आय विवरण | सरकारी अनुदान | आन्तरिक आम्दानी | जम्मा आम्दानी | कैफियत |
|---|---|---|---|---|---|---|
| प्र.चौ. | १ | अ.ल्या | २,४९,३९०.११ | --------- | २,४९,३९०.११ | २०७० श्रावण ०१ |
| | २ | सरकारी अनुदान | ११,०८,४४०.५० | --------- | ११,०८,४४०.५० | जि.शि.का. |
| | ३ | आन्तरिक आम्दानी | --------- | ४,१६०.०० | ४,१६०.०० | |
| द्वि. चौ. | ४ | सरकारी अनुदान | ८,३१,९३०.०० | --------- | ८,३१,९३०.०० | जि.शि.का. |
| | ५ | आन्तरिक आम्दानी | --------- | २१,३८०.०० | २१,३८०.०० | |
| ते.चौ. | ६ | सरकारी अनुदान | ८,२०,५९४.०० | --------- | ८,२०,५९४.०० | जि.शि.का. |
| | | | २,३४,६६९.०० | --------- | २,३४,६६९.०० | गा.वि.स. अनुदान |
| | ७ | आन्तरिक आम्दानी | --------- | २५,४९५.०० | २५,४९५.०० | |
| | | | | १,००,०००.०० | १,००,०००.०० | यु.के.बाट सहायता |
| | ८ | प्र.अ. सापटी | --------- | १,८७,५९८.०० | १,८७,५९८.०० | २०७१ आषाढ मसन्त सम्ममा |
| | ९ | मुद्धति खाता रकम | १,००,०००.०० | --------- | १,००,०००.०० | २०७१ श्रावण ०१ |
| ***कुल जम्मा*** | | | **३३,४५,०२३.६१** | ***३,३८,६३३.००*** | **३६,८३,६५६.६१** | |

विद्यालयको छाप

........................
**प्रधानाध्यापक**

...........................
**अध्यक्ष/संयोजक**
सामाजिक परीक्षण समिति
(अ.शि.संघ)

........................
**अध्यक्ष**
वि.व्य.स.

इति संवत २०७१-०५-३१

# सानोदुम्मा माध्यमिक विद्यालय, सानोदुम्मा-३,थर्पु, भोजपुर

## वार्षिक आम्दानी-खर्च विवरण

आर्थिक वर्ष २०७०/७१

| आम्दानी | | | | खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | शीर्षक विवरण | रकम | कैफियत | क्र.सं. | शीर्षक विवरण | रकम | कैफियत |
| १ | बैंक अ.ल्या. | २,४९,३९०.११ | | १ | गत वर्षको दायित्व दाखिला | १५,७२०.०० | क.सं, ना.ल. कोष |
| २ | शिक्षक तलब भत्ता | २०,७६,४९३.०० | | २ | शिक्षक कर्मचारी तलब भत्ता | २४,१५,५१४.५० | |
| ३ | कर्मचारी तलब भत्ता | १,९२,३९३.५० | | ३ | क.सं. कोष जम्मा | ४३,९९८.०० | |
| ४ | पाठ्य पुस्तक निकासा | ५२,९४८.०० | | ४ | ना.ल. कोष जम्मा | ४,८००.०० | |
| ५ | छात्रवृत्ति निकासा | ५९,२००.०० | | ५ | पाठ्य पुस्तक खरिद | ५९,२६९.०० | |
| ६ | सामाजिक परिक्षण खर्च | १,०००.०० | | ६ | छात्रवृत्ति वितरण | ५६,७००.०० | |
| ७ | बालकार्यकर्ता तलब भत्ता | ३९,०००.०० | | ७ | ले.प.शुल्क | ९,५००.०० | |
| ८ | | | | ८ | मुद्दति व्याज कर कट्टी | ---- | |
| ९ | | | | ९ | परीक्षा सञ्चालन खर्च | २१,४०७.०० | |
| १० | | | | १० | | | |
| ११ | | | | ११ | | | |
| १२ | | | | १२ | SLC शैक्षिक सामग्री खरिद | १४,८३०.०० | |
| १३ | पी.सी.एफ. नन् स्यालरी | ४२,४३०.०० | | १३ | अतिरिक्त कक्षा सञ्चालन | ११,२००.०० | |
| | | | | | शैक्षिक सामग्री खरिद | ३१,३३८.०० | |
| | | | | | अतिरिक्त क्रियाकलाप | ८,२०४.०० | पुरस्कार |
| १४ | | | | १४ | खेलकुद सामग्री | ११,५६०.०० | |
| १५ | SLC विद्यार्थी शुल्क | १३,०६०.०० | | १५ | रजश्व दाखिला तथा विविध | २८,४२५.०० | |
| १६ | क्यालेण्डर बाट | १२,९००.०० | | १६ | छपाइ खर्चः क्यालेण्डर, खाम, फायल | २५,९००.०० | |
| १७ | विविध आन्तरिक आय | | | १७ | कम्प्युटर सामान खरिद | ४,७००.०० | |
| १८ | मसलन्द व्यवस्थापन | ३०,०००.०० | | १८ | मसलन्द र प्रशासनिक खर्च | ३७,६०२.०० | |
| १९ | परीक्षा शुल्क | ११,९८०.०० | | १९ | सुचना तथा सञ्चार खर्च | ६,०००.०० | |
| २० | प्रमाण पत्र | ४,३२०.०० | | २० | पत्र- पत्रिका | २,४८५.०० | |
| २१ | जरीवना शुल्क | ५,३१५.०० | | २१ | सहयोग, चन्दा आदि | २,०००.०० | |
| २२ | | | | २२ | जन्मोत्सव कार्यक्रम | २२,७२५.०० | |
| २३ | जग्गाबाट | ३००.०० | | २३ | फोटो प्रिन्टर खरिद | २३,०००.०० | |
| २४ | फोटोकपी | २,१६०.०० | | २४ | कार्यालय व्यवस्थापन खर्च | १३,२३०.०० | |
| २५ | जन्मोत्सव सहयोग | १,०००.०० | | २५ | विविध खर्च | १,४२७.०० | सरस्वती पूजा |
| २६ | | | | २६ | वेबसाइट निर्माण | २५,५००.०० | |
| २७ | कम्प्युटर योजना अनुदान | १,४,०,०००.०० | | २७ | घेराबारा निर्माण खर्च | ४,२८५.०० | |
| २८ | पुस्तकालय अनुदान | ६०,०००.०० | | २८ | खेलमैदान निर्माण | १२,०००.०० | |
| २९ | साक्षरता अभियान खर्च | ६७,५००.०० | | २९ | पुस्तकालय स्थापना | १,००,०००.०० | |
| ३० | | | | ३० | कम्प्युटर, प्रोजेक्टर खरिद | २,००,०००.०० | |
| ३१ | गा.वि.स. अनुदान | २,३४,६६९.०० | | ३१ | फर्निचर र सौर्य उर्जा खर्च | २,३४,६६९.०० | गा.वि.स. अनुदान |
| ३२ | | | | ३२ | साक्षरता कक्षा स्वयंसेवक भत्ता | ६७,५००.०० | |
| ३३ | चन्दा सहायता | १,००,०००.०० | U.K. बाट | ३३ | अन्य सम्पत्ति | ४,८२५.०० | |
| ३४ | मुद्धति खाता मौज्दात | १,००,०००.०० | | ३४ | मुद्धति खाता मौज्दात | १,००,०००.०० | |
| ३५ | प्र.अ. सापटी | १,८७,५९८.०० | | ३५ | हाल बैंक मौज्दात | १,२६,८२३.११ | |
| **आय तर्फ कुल जम्मा** | | **३६,८३,६५६.६१** | | **व्यय तर्फ कुल जम्मा** | | **३६,८३,६५६.६१** | |

| ..................... | ......................... | ............... |
|---|---|---|
| **प्रधानाध्यापक** | **अध्यक्ष/संयोजक** | **अध्यक्ष** |
| | सामाजिक परिक्षण समिति | वि.व्य.स. |
| विद्यालयको छाप | (अ.शि.संघ) | |

# सानोदुम्मा माध्यमिक विद्यालय, सानोदुम्मा-३, थर्पु, भोजपुर

आर्थिक वर्ष २०७०/७१ सालको वार्षिक आय-व्यय विवरण (गोश्वारा भौचरको आधारमा)

## व्यय

| | शी नं. | गो भौ नं. | मिति | व्यय शीर्षक विवरण | खर्च भएको रकम (रुपैंया) | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रथम चौमासिक | १ | ३ | २०७०/०४/०५ | SLC परीक्षा परीक्षा शुल्क दाखिला | १,४४०.०० | जि.शि.का.मा |
| | २ | ४ | २०७०/०४/०६ | क.सं कोष र ना.ल. कोष दाखिला | १५,७२०.०० | गत आ.व. को बाँकी रहेको |
| | ३ | ५ | २०७०/०४/०९ | सरस्वती मन्दिर निर्माण सहयोग | १,०००.०० | ज्योति प्रा.वि. ,ठूलोदुम्मा-९ |
| | ४ | ६ | २०७०/०४/१० | शैक्षिक सामग्री खर्च | ७२०.०० | प्राथमिक तहका लागि |
| | ५ | ७ | २०७०/०४/२३ | मसलन्द खर्च | ३,१७०.०० | मार्कर मसी, विद्यार्थी प्रगति विवरण |
| | ६ | | | | | |
| | ७ | ८ | २०७०/०४/२८ | मसलन्द खर्च | १,००६.०० | यो खर्च गत आ.व.को हो, चेक मार्फत भुक्तान गरिएकोमा रकम निकाल्न ढिलाइ गरिदिएकाले यो हिसाव यस वर्ष सरेको छ। |
| | ८ | | | अतिरिक्त क्रियाकलाप खर्च | २,९८४.०० | |
| | ९ | | | परीक्षा सञ्चालन खर्च | ६,६००.०० | |
| | १० | | | खेलकुद सामग्री खरिद खर्च | १,८७५.०० | |
| | ११ | १० | २०७०/०५/१४ | अतिरिक्त क्रियाकलाप सञ्चालन खर्च | २,७४०.०० | पुरस्कारका लागि कापी-बलपेन |
| | १२ | | | सञ्चार खर्च-इन्टरनेट सेवा | २,०००.०० | SKY DATA internet |
| | १३ | १२ | २०७०/०५/२७ | प्रमाणपत्र प्रतिलिपि शुल्क | ४००.०० | कक्षा-८ को |
| | १४ | | | विभिन्न प्रतिवेदनहरु प्रीन्ट तथा बाइन्डीङ | २,०४५.०० | भित्ते पत्रिका निर्देशिका, प्रस्तावनाहरु |
| | १५ | | | स्रोतकेन्द्र व्यवस्थापन खर्च दाखिला | १,०००.०० | मानेडाँडा स्रोतकेन्द्र |
| | १६ | | | मसलन्द खर्च | ३,२०८.०० | मार्कर मसी, क्यालकुलेटर, तार .. |
| | १७ | | | मिनि इन्भर्टर खरिद | २,१७५.०० | ३०० Watt |
| | १८ | १३ | २०७०/०६/०८ | SLC मूल प्रमाण पत्र शुल्क | ४००.०० | |
| | १९ | | | विविध खर्च | १,२२५.०० | इन्टरनेट सुकुरिटी ..... |
| | २० | १४ | २०७०/०६/१० | SLC शैक्षिक, अध्ययन सामग्री खरिद खर्च | १४,८३०.०० | ढुवानी खर्च सहित |
| | २१ | १७ | २०७०/०६/१८ | प्रथम चौमासिक त.भ. वितरण | ९,२४,९२३.५० | सबै तह शिक्षक र कर्मचारी |
| | २२ | १८ | २०७०/०६/२० | मसलन्द खर्च | ८८१.०० | |
| | २३ | | | शैक्षिक सामग्री | २२०.०० | SLC विज्ञान क्याप्सुल |
| | २४ | १९ | २०७०/०६/२४ | विद्यालय रङ-रोगनःचुन, इनामेल, प्राइमर | ७,५३५.०० | ढुवनी सहित |
| | २५ | | | रङ-रोगनः लिउन,चुन र इनामेल हाल्ने ज्याला | ३,४५०.०० | ६ जना केटाहरु काम गरेको |
| | २६ | | | विविध औजारहरु खरिद | १,६२०.०० | पिलास, हाते आरी, हथौडा आदि |
| | २७ | | | बाल्टिन,ट्वाइलेट ब्रस आदि खरिद | १,०३०.०० | |
| | २८ | २० | २०७०/०७/२० | खेलकुद सामग्री खरिद | २,५४०.०० | भलिबल र फूटबल |
| | २९ | | | मसलन्द खर्च | १,८००.०० | Internet Security |
| | ३० | २२ | २०७०/०७/२९ | SLC परीक्षा शुल्क दाखिला | ५,७६०.०० | SLC परीक्षा-२०७० |
| | ३१ | | | मसलन्द खर्च | २,१००.०० | मार्कर मसी, गोश्वरा भौचर आदि |
| दोश्रो चौमासिक | ३२ | २३ | २०७०/०८/१४ | विद्युतीय सामग्रीहरुः तार, बल्ब आदि | १,८९०.०० | सं.सभा निर्वाचनको समयमा |
| | ३३ | | | तार, बल्ब, स्वीच आदि | २,४५०.०० | |
| | ३४ | २५ | २०७०/०८/१९ | प्रश्नपत्र निर्माण | ५,०००.०० | अर्ध वार्षिक परीषा |
| | ३५ | | | अतिरिक्त क्रियाकलाप खर्च | ८१०.०० | पुरस्कार बलपेन |
| | ३६ | | | मसलन्द खर्च : मार्कर पेन | ५४०.०० | |

## आय

| शी नं. | गो भौ नं. | मिति | आय शीर्षक विवरण | आम्दानी भएको रकम (रुपैंया) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | २०७०/०४/०१ | अ.ल्या. | २,४९,३९०.११ | गत आ.व. बाट सारेको |
| २ | २ | २०७०/०४/०३ | SLC परीक्षा परीक्षा शुल्क संकलन | १,४४०.०० | चार जनाको पूरक परीक्षा |
| ३ | ९ | २०७०/०५/०४ | प्रमाणपत्र शुल्क संकलन | ५००.०० | पहिलो एक महिनाको मात्र |
| ४ | ११ | २०७०/०५/२१ | प्रमाणपत्र र अन्य विविध शुल्क | २,२२०.०० | |
| ५ | १५ | २०७०/०६/१४ | त.भ. प्राथमिक तह निकासा | ५,१२,६५१.०० | पहिलो चौमासिक + पर्व भत्ता |
| ६ | | | त.भ. नि.मा. तह निकासा | २,५५,७६६.०० | पहिलो चौमासिक + पर्व भत्ता |
| ७ | १६ | २०७०/०६/१७ | बालकार्यकर्ता त.भ. निकासा | १५,०००.०० | पहिलो चौमासिक + पर्व भत्ता |
| ८ | | | मसलन्द खर्च रकम निकासा | ३०,०००.०० | वर्ष भरीलाई एकमुष्ट |
| ९ | | | कर्मचारी र बालकार्यकर्ता त.भ. | १,९२,३९३.५० | वर्ष भरीलाई एकमुष्ट |
| १० | २१ | २०७०/०६/२७ | छात्रवृत्ति मा.वि. निकासा | २४,८००.०० | दलित सहित |
| ११ | | | छात्रवृत्ति आधारभूत तह निकासा | ३४,४००.०० | दलित सहित |
| १२ | | | ले.प.अनुदान निकासा | १,०००.०० | |
| १३ | | | शैक्षिक सुधार अनुदान रकम निकासा | २,०००.०० | बालकक्षा तह |
| १४ | | | शैक्षिक सुधार अनुदान रकम निकासा | १५,९००.०० | प्राथमिक तह |
| १५ | | | शैक्षिक सुधार अनुदान रकम निकासा | १३,०९०.०० | नि.मा. तहा |
| १६ | | | शैक्षिक सुधार अनुदान रकम निकासा | ११,४४०.०० | माध्यमिक तह |
| १७ | २४ | २०७०/०८/१६ | परीक्षा शुल्क संकलन | ६,२८०.०० | अर्ध-वार्षिक परीक्षा |
| १८ | | ------ | खालि | ------ | |
| १९ | ३२ | २०७०/१०/१४ | त.भ. निकासा | ४,१४,९२०.०० | प्राथमिक दोश्रो चौमासिक |
| २० | | | त.भ. निकासा | २,०५,०१०.०० | नि.मा.तह दोश्रो चौमासिक |
| २१ | ३३ | २०७०/१०/१९ | त.भ. निकासा | १२,०००.०० | ECD दोश्रो चौमासिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३७ | २६ | २०७०/०८/२८ | परीक्षा खर्च | २,१००.०० | कापी |
| | ३८ | | | मसलन्द | १,२६१.०० | रिङ फायल, डायरी आदि |
| | ३९ | २७ | २०७०/०९/१४ | मसलन्द खर्च | १,१४३.०० | फोटोकपी, प्रीन्ट आदि |
| | ४० | | | शैक्षिक सामग्री खरिद | १,१००.०० | ABC र भोजपुरको नक्शा |
| | ४१ | | | सुचना तथा सञ्चार | १,०००.०० | Sky DATA |
| | ४२ | | | चल्ती खाता खोलेको | ३,०००.०० | सहायता संकलन खाता |
| | ४३ | २८ | २०७०/०९/१६ | ले.प. शुल्क | ९,५००.०० | आ.व. २०७०/७१ |
| | ४४ | २९ | २०७०/०९/२७ | शैक्षिक सामग्री | २,८८८.०० | SLC का लागि प्राक्टिस बुकहरु |
| | ४५ | | | मसलन्द विविध | २,११९.०० | प्रतिवेदनहरु प्रीन्ट बाइन्डिङ, छापहरु |
| | ४६ | ३० | २०७०/०९/२८ | क.सं कोष, ना.ल.कोष दाखिला | १६,२३२.०० | एक जना प्राथमिक शिक्षक |
| | ४७ | | | सौर्य उर्जाका सामग्री तथा अन्य विविध | २,७५५.०० | डिस्टिल्ड वाटर, काँटी आदि |
| | ४८ | ३१ | २०७०/१०/१० | खेलकूद सामग्री खरिद | ७,१४५.०० | Mikasa: फूटबल, भलिबल, पम्प |
| | ४९ | | | प्रविधि सामग्री | १,४५०.०० | कि-बोर्ड, पेन ड्राइभ, कार्ड रिडर .... |
| | ५० | | | विविध | १,७२०.०० | व्यानर तथा अन्य |
| | ५१ | ३४ | २०७०/१०/१९ | SLC परीक्षा तयारी अभ्यास कार्यक्रम | १,०००.०० | प्रश्नपत्रको मात्र |
| | ५२ | | | | | |
| | ५३ | ३५ | २०७०/१०/२४ | अतिरिक्त क्रियाकलाप खर्च | १,६७०.०० | कापी-डटपेन |
| | ५४ | | | सरस्वती पूजा कार्यक्रम खर्च | १,४२७.०० | श्रीपञ्चमीमा |
| | ५५ | ३६ | २०७०/१०/२७ | त.भ. वितरण पर्व भत्ता सहित | ३,९९,२१४.०० | प्राथमिक |
| | ५६ | | | त.भ. वितरण पर्व भत्ता सहित | २,०५,००८.०० | नि.मा. तह |
| | ५७ | | | त.भ. वितरण पर्व भत्ता सहित | ६६,०००.०० | PCF मा.वि. |
| | ५८ | | | त.भ. वितरण पर्व भत्ता सहित | ७१,१९८.०० | कर्मचारी र ECD |
| | ५९ | ३८ | २०७०/१०/२८ | क.सं. कोष र ना.ल. कोष दाखिला | १६,२३२.०० | एक जना प्राथमिक शिक्षक |
| | ६० | ४० | २०७०/११/१० | SLC आवेदन शुल्क दाखिला | ९,१००.०० | |
| | ६१ | | | मसलन्द खर्च | २,८६१.०० | राष्ट्रिय झण्डा, लेटर प्याड छपाइ |
| | ६२ | | | पत्रपत्रिका ग्राहक नविकरण | २,४८५.०० | शिक्षक, मूना, युवामञ्च, सोपान .... |
| | ६३ | ४१ | ०७०/११/१२ | सुचना तथा सञ्चार प्रविधि | ३,२५०.०० | Sky EVDO USB Modem |
| | ६४ | | | विविध | २५००.०० | |
| | ६५ | ४२ | ०७०/११/१३ | सञ्चार खर्च | २,०००.०० | Sky DATA |
| | ६६ | ४३ | २०७०/११/१५ | विद्यालय घेराबारा निर्माण खर्च | ४,२८५.०० | बाँस काटेको, खाजा आदि |
| | ६७ | | | मसलन्द खर्च | २५०.०० | कुचो र हासिया खरिद |
| | ६८ | | | विविध खर्च | ५००.०० | कोपिला तामाङ |
| | ६९ | ४४ | २०७०/११/२३ | परीक्षा खर्च | ६,७०७.०० | वार्षिक परीषा |
| | ७० | | | विविध खर्च | १,१३०.०० | किट्ली, गिलास आदि |
| | ७१ | ४६ | २०७०/११/३० | SLC अतिरिक्त कक्षा सञ्चालन खर्च | ११,२००.०० | इमान सिं र खगेन्द्र सर |
| तेश्रो चौमासिक | ७२ | ४९ | २०७०/१२/२३ | कम्प्युटर खरिद खर्च | २,००,०००.०० | ICT योजना |
| | ७३ | | | पुस्तक खरिद खर्च | १,००,०००.०० | पुस्तकालय स्थापनार्थ |
| | ७४ | ५० | २०७०/१२/२४ | प्रीन्टर खरिद | २३,०००.०० | फोटो प्रीन्टर |
| | ७५ | ५१ | ०७०/१२/२५ | शैक्षिक क्यालेण्डर छपाई खर्च | २४,०००.०० | शैक्षिक क्यालेण्डर २०७१ |
| | ७६ | | | फायल र खाम छपाई खर्च | १,०००.०० | विद्यालयको नाममा छापेको |
| | ७७ | ५३ | २०७०/१२/३० | मसलन्द -विविध | २,९४०.०० | भर्ना पुसतिका, आम्दानी रसिद |
| | ७८ | | | सन्दर्भ सामग्री खरिद | ८९५.०० | बृहत ज्ञानकोष |
| | ७९ | ५४ | २०७०/०१/०४ | पाठ्यपुस्तक खरिद | ५९,२६९.०० | सबै तहको |
| | ८० | ५५ | २०७१/०१/०५ | मसलन्द खर्च | ४,८९०.०० | फोटेकपी पेपर,मार्कर मसी आदि |
| | ८१ | | | शैक्षिक सामग्री खरिद | १,३४०.०० | नक्शा, ग्लोब आदि |
| | ८२ | ५६ | २०७१/०१/१५ | प्रीन्टर मसी | १,५००.०० | दिपक साम्पाङ मार्फत। |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | ३७ | ०७०/१०/२८ | ICT व्यवस्थापन रकम निकासा | १,४०,०००.०० | जि.शि.का. बाट अनुदान |
| २३ | | | पुस्तकालय व्यवस्थापन रकम निकासा | ६०,०००.०० | जि.शि.का. बाट अनुदान |
| २४ | ३९ | २०७०/११/०६ | SLC आवेदन शुल्क संकलन | ९,१००.०० | |
| २५ | ४५ | ०७०/११/२९ | जग्गाबाट आम्दानी | ३००.०० | जगन्नाथ दाहालबाट |
| २६ | | | परीक्षा शुल्क संकलन | ५,७००.०० | वार्षिक परीक्षा |
| २७ | ४७ | २०७०/१२/०४ | पाठ्यपुस्तक रकम निकासा | १४,१२१.०० | प्रा.वि. तह |
| २८ | | | पाठ्यपुस्तक रकम निकासा | २१,९१९.०० | नि.मा. तह |
| २९ | | | पाठ्यपुस्तक रकम निकासा | १६,९०८.०० | मा.वि. तह |
| ३० | | ----- | खालि | ------ | |
| ३१ | ४८ | २०७०/१२/०४ | ले.प. का लागि अनुदान निकासा | १,०००.०० | |
| ३२ | ५२ | २०७०/१२/२७ | ICT र पुस्तकालय सहायता प्राप्त | १,००,०००.०० | यु.के. बाट प्राप्त |
| ३३ | ५७ | २०७१/०१/१६ | हर्जना शुल्क संकलन | ५,३१५.०० | गयल र भागेको हर्जना |
| ३४ | ६० | २०७१/०२/१६ | क्यालेण्डर विक्रि वितरण | ८,५००.०० | |
| ३५ | ६४ | २०७१/०३/०९ | त.भ. निकासा | ४,२२,७३७.०० | प्राथमिक |
| ३६ | | | त.भ. निकासा | २,०५,००९.०० | नि.मा.तह |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८३ | ५८ | २०७१/०१/१७ | वेबसाइट निर्माण खर्च | २५,५००.०० | विमोचन सहित |
| | ८४ | ५९ | २०७१/०१/२७ | मसलन्द विविध | ४,२९८.०० | CAS फाराम, मार्कर मसी आदि |
| | ८५ | | | खालि | ----- | |
| | ८६ | | | अतिरिक्त पाठ्यपुस्तक | १,६००.०० | ECD र कक्षा- १ लाइ ABC |
| | ८७ | ६१ | २०७१/०२/१८ | जन्मोत्सव कार्यक्रम खर्च | २२,७२५.०० | सम्मान पत्र, प्रमाण पत्र सजावट |
| | ८८ | ६२ | २०७१/०२/१८ | शैक्षिक सामग्री खरिद | ५,७३०.०० | FLEX Prints |
| | ८९ | | | रसिद छपाई | ९००.०० | सहयोग संकलन रसिद |
| | ९० | ६३ | २०७१/०२/२९ | छात्रवृत्ति वितरण | ५६,७००.०० | सबै तह को |
| | ९१ | ६६ | २०७१/०३/१० | प्रीन्टर मसी | ३,१००.०० | मौजुदा राख्नलाई |
| | ९२ | | | मसलन्द खर्च | ५३५.०० | नेमप्लेट, फोटोकपी |
| | ९३ | | | सञ्चार प्रविधि खर्च | १,०००.०० | Sky DATA |
| | ९४ | ६७ | २०७१/०३/१५ | SLC मूल प्रमाण पत्र शुल्क | ६००.०० | तीन जनाको |
| | ९५ | | | SLC दर्ता शुल्क दाखिला | ८,०६०.०० | फाराम शुल्क सहित |
| | ९६ | | | SLC आवेदन फाराम शुल्क दाखिला | १७०.०० | १७ जनाको |
| | ९७ | ६९ | २०७१/०३/१६ | क.सं. कोष,ना.ल.कोष दाखिला | १६,३०४.०० | एक जना शिक्षकको |
| | ९८ | | | त.भ. वितरण | ४,०६,९६५.०० | प्राथमिक तह + पोशाक भत्ता |
| | ९९ | | | त.भ. वितरण | २,०५,००८.०० | नि.मा. तह |
| | १०० | | | त.भ. वितरण | ६६,०००.०० | PCF मा.वि. |
| | १०१ | | | त.भ. वितरण | ७१,१९८.०० | कर्मचारी र ECD |
| | १०२ | ७० | २०७१/०३/१७ | फर्निचर निर्माण कार्यालय व्यवस्थापनका | १,७०,६६९.०० | गा.वि.स. को आर्थिक अनुदान |
| | १०३ | ७१ | २०७१/०३/१८ | प्राथमिक उपचार सामग्री खरिद | ४००.०० | थर्मोमिटर, प्लाष्टर टेप, कटन ... |
| | १०४ | ७२ | २०७१/०३/१८ | साक्षरता अभियान भत्ता वितरण | ६७,५००.०० | स्वयंसेवकहरुलाई वितरण गरेको |
| | १०५ | ७४ | २०७१/०३/२५ | SLC पूरक परीक्षा शुल्क दाखिला | २,५२०.०० | सात जनाको |
| | १०६ | ७६ | २०७१/०३/२८ | खेलमैदान पूनःनिर्माणमा भएको खर्च | १२,०००.०० | एस्काभेटरले खारेको २ घण्टा |
| | १०७ | | | जम्मा | ३४५६८३३.६१ | |
| | १०८ | | | बैंक मौज्दात (चल्ती खाता) | १,२६,८२३.११ | २०७१ आषाढ मसन्त सम्म । |
| | १०९ | | २०७१/०४/०१ | बैंक मौज्दात (मुद्धति खाता) | १,००,०००.०० | २०७१ आषाढ मसन्त सम्म । |
| | | | **आ.व. २०७०/७१** | **कुल व्यय तर्फ** | **३६,८३,६५६.६१** | **बैंक मौज्दात सहित** |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | | | त.भ. निकासा | १२,०००.०० | ECD |
| ३८ | ६५ | २०७१/०३/१० | साक्षरता अभियान भत्ता निकासा | ६७,५००.०० | |
| ३९ | | ---। | खालि | ------ | |
| ४० | ६८ | २०७१/०३/१६ | फर्निचर योजना अनुदान गा.वि.स.बाट | १,७०,६६९.०० | २०,०००.०० जोडकोष सहित |
| ४१ | ७३ | २०७१/०३/२५ | SLC पूरक फाराम शुल्क संकलन | २,५२०.०० | ७ जना विद्यार्थीहरुको |
| ४२ | ७५ | २०७१/०३/२७ | सौर्य उर्जा प्रणाली जडान सहयोग | ६४,०००.०० | ६०,००.०० जोडकोष सहित |
| ४३ | ७७ | २०७१/०३/२९ | प्रमाण पत्र शुल्क संकलन | १,६००.०० | |
| ४४ | ७८ | २०७१/०३/३० | शुभकामना विज्ञापन शुल्क संकलन | ४,४००.०० | शैक्षिक क्यालेण्डर २०७१ बाट |
| ४५ | | | फोटोकपी, फोटो प्रीन्ट सेवा शुल्क | २,१६०.०० | |
| ४६ | | | जन्मोत्सव समारोह सहयोग | १,०००.०० | |
| ४७ | ७९ | २०७१/०३/३२ | महंगी भत्ता निकासा | २३,७६०.०० | प्राथमित तह |
| ४८ | | | महंगी भत्ता निकासा | ३५,६४०.०० | नि.मा. तह |
| ४९ | | | जम्मा | ३४,९६,०५८.६१ | |
| ५० | | | प्र.अ. सापटी | १,८७,५९८.०० | २०७१ अषाढ मसन्त सम्म । |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | **आ.व. २०७०/७१** | **कुल आय** | **३६,८३,६५६.६१** | **सरकारी र आन्तरिक** |

......................

......................

....................

**विद्यालयको छाप**
सानोदुम्मा मा.वि.

**प्रधानाध्यापक**
सानोदुम्मा मा.वि.

**अध्यक्ष/संयोजक**
अ.शि.सं/सामाजिक परीक्षण समिति

**अध्यक्ष**
विद्यालय व्यवस्थापन समिति

इति संवत २०७१ भाद्र ३१ गते रोज ३ शुभम् ।

`


सानोदुम्मा माध्यमिक विद्यालय
सानोदुम्मा-३(थर्पु),भोजपुर
फोन: ९८५२०५२७५५
email: sanodumma.edu@gmail.com
www.facebook.com/groups/sanodumma.edu
www.facebook.com/sanodumma.edu.np
www.twitter.com/Sanodumma_Edu
www.sanodumma.edu.np